# स्थानीय न्यायिक समिति

आर्थिक वर्ष २०८१/०८२

# वार्षिक प्रतिवेदन

भूमे गाउँपालिका

न्यायिक समितिको सचिवालय

खाबाङबगर, रुकुम (पूर्व)

**२०८२ साउन**

# न्यायिक समितिका पदाधिकारीहरु



श्री सविना बुढा
संयोजक
(गाउँपालिका उपाध्यक्ष)



श्री कुमार पुन
सदस्य
(वडा सदस्य)




श्री भागिलाल दमाई
सदस्य
(कार्यपालिका सदस्य)

# कार्यकारी सारांश

नेपालको शासकीय संरचना संघात्मक व्यवस्था गरेपछिको तीन तहको सरकारमध्येको जनताको सबैभन्दा नजिकको सरकार स्थानीय सरकार हो । नेपालको संविधानले तीनै तहका सरकारले राज्य शक्तिको प्रयोग गर्ने गरी भएको व्यवस्था अनुरुप धारा २१७ ले स्थानीय स्तरमा विवाद तथा न्याय निरुपनका लागि गाउँपालिका तथा नगरपालिकामा तीन सदस्यीय न्यायिक समिति रहने व्यवस्था गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ८ मा स्थानीय न्यायिक समितिको क्षेत्राधिकार समेत तोकेको छ । न्यायिक समितिबाट न्यायिक निरुपण गर्दा विवाद समाधानका वैकल्पिक उपायहरु अवलम्बन गर्दै जीत जीतको अवस्थामा पुऱ्याएर मेलमिलापको माध्ययमबाट न्यायिक कार्य सम्पादन गरी सरकारप्रति जनविश्वास कायम गर्दै सामाजिक संहिष्णुता, एकता प्रवर्द्धनका साथै न्यायलाई छिटो, छरितो, सरल, कम खर्चिलो गराउनुपर्ने मुख्य ध्येय स्थानीय न्यायिक समितिको व्यवस्थाको रहेको छ ।

नेपालको संविधान बमोजिम गठित न्यायिक समितिको कार्यसम्पादनका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको क्षेत्राधिकार बमोजिम न्यायिक कार्य सम्पादन गर्न भूमे गाउँपालिकाले तीन सदस्यीय न्यायिक समिति गठन, न्यायिक समितिको (कार्यविधि सम्बन्धी) ऐन, २०७५ समेत जारी गरी सोही बमोजिम कार्यान्वयन भैरहेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५३(१) बमोजिम न्यायिक समितिबाट सम्पादित कार्यहरुको अभिलेखिकृत गरी वार्षिक प्रगति गाउँसभामा पेश गर्ने उद्देश्यले यो प्रतिवेदन तयार गरिएको छ ।

न्यायिक समितिमा आर्थिक वर्ष २०८१/०८२ मा जम्मा ८ वटा उजुरीहरु दर्ता भएका र ती सबै उजुरीहरुको आवश्यक कार्यवाही गरी फछ्र्यौट गरिएको छ। न्यायिक कार्यका लागि आवश्यक जनशक्तिको कमी र न्याय सम्पादन सम्बन्धी पर्याप्त ज्ञान, सीप र अनुभवको अभावका वाबजुद गरिएका न्यायिक कार्यसम्पादनको पुनरावेदन नहुनु आफैमा सकारात्मक पक्ष रहेको महसुस न्यायिक समितिले गरेको छ ।

आगामी दिनमा स्थानीय तहमा हुने न्यायिक कार्यसम्पादनलाई अझ प्रभावकारी बनाउन न्यायिक समितिको क्षमता अभिवृद्धि तालिम, कानूनी जनशक्तिको व्यवस्था, वैज्ञानिक अभिलेखीकरण तथा व्यवस्थापन जस्ता पक्षको पर्याप्त व्यवस्था हुन सकेमा न्यायिक कार्यसम्पादनमा थप गुणस्तर आउने अपेक्षा समेत गर्दै यो प्रतिवेदन तयार गरिएको छ ।

# विषयसूची


परिच्छेद एकः प्रारम्भिक ........ 3

१.१ स्थानीय तहको संक्षिप्त परिचय ........ 3

१.२ विद्यमान अवस्थाको समीक्षा ........ 7

१.३ ऐतिहासिक पृष्ठभूमि र न्यायिक अधिकार ........ 8

परिच्छेद दुईः समितिको कार्यसम्पादनका आधारहरु ........ 12

२.१ संस्थागत प्रबन्ध ........ 12

२.२ संगठनात्मक स्वरुप र जनशक्ति ........ 12

२.३ न्यायिक समितिको अधिकार क्षेत्र ........ 12

२.४ कार्यसम्पादन प्रक्रिया ........ 15

२.५ मेलमिलाप केन्द्र ........ 18

२.६ मेलमिलापकर्ताहरुको अद्यावधिक सूची ........ 18

परिच्छेद तीनः प्रगति विवरण ........ 19

३.१ सम्पादित क्रियाकलापहरु ........ 19

३.२ न्यायिक समितिको बैठक ........ 20

३.३ अनुगमन तथा प्रतिवेदन ........ 20

३.४ निर्णय कार्यान्वयन र कार्यसम्पादन ........ 20

३.४.१ मिलापत्र र निर्णय कार्यान्वयन ........ 21

३.४.२ नक्कल उतार मागको विवरण ........ 21

३.४.३ फैसला पुनरावेदनको विवरण ........ 21

परिच्छेद चारः निश्कर्ष र सुझाव ........ 22

४.१ निश्कर्ष ........ 22


४.२ सुझाव ........ 22

# परिच्छेद एकः प्रारम्भिक

## १.१ स्थानीय तहको संक्षिप्त परिचय

भूमे गाउँपालिका नेपालको संविधानको धारा २९५ उपधारा ३ बमोजिम कायम भएका गाउँपालिका, नगरपालिकाहरु मध्ये एक स्थानीय तह हो । साविकका महत, काँक्री, मोराबाङ, काँडा, चुनबाङ गरी ५ गा.वि.स.हरु र साविकको रुकुमकोट गा.वि.स.को वडा नं. ४ समेत समावेश गरेर नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७३।११।२२ को निर्णय बमोजिम भूमे गाउँपालिकाको स्थापना भएको हो ।

नेपालको लुम्बिनी प्रदेश रुकुम (पूर्व) जिल्लामा पर्ने यस भूमे गाउँपालिका २७३.६७ वर्ग कि.मि. क्षेत्रफल रहेको छ । वि.सं. २०७८ सालको जनगणना अनुसार जनसंख्या १९,८२९ र जनघनत्व ७२ रहेको छ । यस गाउँपालिकाको पूर्वमा बागलुङ जिल्ला, पश्चिममा सिस्ने गाउँपालिका र मुसिकोट नगरपालिका, उत्तरमा पुथा उत्तरगंगा गाउँपालिका तथा दक्षिणमा रोल्पा जिल्ला रहेका छन् । ९ वटा वडा कार्यालयहरु रहेको यस भूमे गाउँपालिकाको केन्द्र साविक मोराबाङ गा.वि.स.को कार्यालय तोकिएकोमा गाउँसभाको मिति २०७४/०९/०८ मा बसेको बैठकबाट सिफारिश भई नेपाल सरकारको निर्णयानुसार केन्द्र परिवर्तन भई नेपाल राजपत्र खण्ड ६७ संख्या ५७ भाग ५ मिति २०७४।११।१४ मा प्रकाशन भएपछि हाल भूमे गाउँपालिकाको प्रमुख प्रशासनिक केन्द्र वडा नं. २ स्थित खाबाङबगरमा रहेको छ ।




भूमे पूजा गर्ने बासिन्दाको बाहुल्य भएको भूगोल भएकाले गाउँपालिकाको नाम भूमे राखिएको हो । भूमे पूजा प्रकृति पूजक मगर समुदायको सबैभन्दा ठूलो चाड हो । प्रत्येक वर्षको असार १ गतेका दिन गरिने भूमे पूजा भनेको भूमि अर्थात जमिन वा प्रकृतिको पूजा हो । हिउँदेबाली भित्र्याएको खुशियालीमा र बर्खे बालीमा कुनै हानी नहोस् भनेर भूमे पूजा गरिन्छ । साथै बाढी पहिरोजस्ता दैवी प्रकोप नआओस् भनेर भूम्या थानमा बलि पनि चढाइन्छ, नाचगान गरिन्छ र धुमधामले पर्व मनाइन्छ । भूम्या पूजाको दिन गाउँमा वर्षभरिको आयव्ययको प्रस्तुत गरी गाउँको मुख्य प्रतिनिधि र संबाहक (मिझार) परिवर्तन गर्ने तथा भूमिमा अझै उत्पादन बढोस् भनेर गाउँटोल अनुसार ३ देखि ७ दिनसम्म विशेष रुपमा मनाइने पर्व भएकाले सोही पर्वको नाम भूम्याबाट यस गाउँपालिकाको नामाकरण गरिएको हो । यसर्थ भूमे गाउँपालिका मगरहरुको Live Culture, परम्परागत भाषा संस्कृति, पर्व, विभिन्न नाच आदिका कारण अनेकतामा एकता भएको सांस्कृतिक रुपमा धनी गाउँपालिका हो । यस गाउँपालिका अन्तर्गत अधिकांस मगरहरुको बसोबास रहेको छ । त्यस्तै दलित, क्षेत्री, बाहुन र नेवार समुदायको पनि बसोबास छ । भूमेमा बसोबास गर्ने सबै भूमेलीको आफ्नै भाषा र संस्कृति छ। सुन्दर एवं सांस्कृतिक फूलबारी भूमेमा सबै समुदाय आपसमा मिलेर बसेका छन् ।

## गाउँपालिकाको वडागत जनसंख्या र जनघनत्व

| वडा नं. | साविक गाविस तथा वडा | क्षेत्रफल (ब.कि.मि.) | २०७८ को जनगणना अनुसार | | | | | गाउँपालिकाको घरधुरी सर्वेक्षण २०७६ अनुसार | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरूष | जम्मा | | | महिला | पुरूष | जम्मा | घरधुरी | जनघनत्व |
| १ | काँक्री (४-७,९) | ७९.९५ | १४२५ | १२८८ | २७१२ | | | १२२८ | १२२७ | २४५५ | ५९१ | ४.१५ |
| २ | काँक्री (१-३, ८) | ३०.४४७ | ११९४ | १०९४ | २२८८ | | | १३३८ | १३१६ | २६५४ | ५७६ | ४.१५ |
| ३ | मोराबाङ (१-९) | २०.८४७ | १२३२ | १०९३ | २३२५ | | | १४५३ | १३५० | २८०३ | ५४२ | ५.१७ |
| ४ | काँडा (१-३, ८) | १६.६०१ | ७४६ | ६८८ | १४३४ | | | ८७२ | ९१४ | १७८६ | ३६८ | ५.१७ |
| ५ | काँडा (४-७) | १९.१८९ | ७७३ | ६५९ | १४३२ | | | ८१८ | ८६४ | १६८२ | ३२९ | ५.११ |
| ६ | महत (१,२, ९) | २०.५९५ | ९५३ | ८५५ | १८०८ | | | १००४ | १११४ | २११८ | ३९८ | ५.११ |
| ७ | महत (३-६) | २६.७९७ | ७५५ | ७८४ | १५३९ | | | ६७९ | ७२० | १३९९ | २९६ | ४.७३ |
| ८ | महत (७,८) र रुकुमकोट (४) | २०.५९५ | १४१४ | १२१९ | २६३३ | | | १२५५ | १२२१ | २४७६ | ४६५ | ४.७३ |
| ९ | चुनबाङ (१-९) | ३८.६८२ | १९१७ | १७४० | ३६५७ | | | १९२४ | १९४४ | ३८६८ | ७२० | ५.३७ |
| जम्मा | | **२७३.७** | १०४०९ | ९४२० | १९८२९ | | | १०५७१ | १०६७० | २१२४१ | ४२८५ | ५.३७ |

### २.१.२ गाउँपालिकाको वडागत जनसंख्या (वास गणंकद्वारा गरिएको सर्वेक्षण २०७६ अनुसार)

| क्रस | वडा नं | घरधुरी | पुरुष संख्या | महिला संख्या | कूल | जनघनत्व |
|---|---|---|---|---|---|---|
| १ | १ | ६१२ | १ ४५७ | १४४२ | २८९९ | 4.74 |
| २ | २ | ६०४ | १४९५ | १४१३ | २९०८ | 4.81 |
| ३ | ३ | ५५४ | १५४४ | १५६९ | ३११३ | 5.62 |
| ४ | ४ | ४५७ | १०१४ | ९४५ | १९५९ | 4.29 |
| ५ | ५ | ३३१ | ८५५ | ८४८ | १७०३ | 5.15 |
| ६ | ६ | ४०३ | ११०४ | ११०५ | २२०९ | 5.48 |
| ७ | ७ | ३६४ | ९६० | ८८६ | १८४६ | 5.07 |
| ८ | ८ | ५१० | १५६४ | १५२४ | ३०८८ | 6.05 |
| ९ | ९ | ६७८ | २०४७ | १९८४ | ४०३१ | 5.95 |
| | जम्मा | ४५१३ | १२०४० | ११७१६ | २३७५६ | ५.२४ |
| **वास गणंकद्वारा गरिएको सर्वेक्षण २०७६ अनुसार** | | | | | | |

### २.२ परिवार संख्या र पारिवारिक बनोट

| वडा नं. | क्षेत्रफल (ब.कि. मि.) | २०६८ को जनगणना अनुसार | | | घर सर्वेक्षण २०७५ | | | वास सर्वेक्षण २०७६ | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जनसंख्या | परिवार संख्या | घरपरिवार आकार | जनसंख्या | परिवार संख्या | घरपरिवार आकार | जनसंख्या | परिवार संख्या | घरपरिवार आकार | |
| १ | ७९.९५ | २४४० | ५४२ | ४.५० | २४५५ | ५९१. | ४.१५ | २८९९ | ६१२ | ४.७४ | |
| २ | ३०.४४७ | २२५३ | ४६६ | ४.८३ | २६५४ | ५७६. | ४.६१ | २९०८ | ६०४ | ४.८१ | |
| ३ | २०.८४७ | २४४२ | ५१२ | ४.७७ | २८०३ | ५४२. | ५.१७ | ३११३ | ५५४ | ५.६२ | |
| ४ | १६.६०१ | १२९६ | २७१ | ४.७८ | १७८६ | ३६८. | ४.८५ | १९५९ | ४५७ | ४.२९ | |
| ५ | १९.१८९ | १२६५ | २७२ | ४.६५ | १६८२ | ३२९. | ५.११ | १७०३ | ३३१ | ५.१५ | |
| ६ | २०.५९५ | १८३७ | ३७१ | ४.९५ | २११८ | ३९८. | ५.३२ | २२०९ | ४०३ | ५.४८ | |
| ७ | २६.७९७ | १५१६ | ३२० | ४.७४ | १३९९ | २९६. | ४.७३ | १८४६ | ३६४ | ५.०७ | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | २०.५९५ | २४२६ | ४७२ | ५.१४ | २४७६ | ४६५. | ५.३२ | ३०८८ | ५१० | ६.०५ | |
| ९ | ३८.६८२ | ३११४ | ६०९ | ५.११ | ३८६८ | ७२०. | ५.३७ | ४०३१ | ६७८ | ५.९५ | |
| **जम्मा** | **२७३.७** | **१८५८९.** | **३८३५.** | **४.८३** | **२१२४१.** | **४२८५.** | **४.९६** | **२३७५६.** | **४५१३.** | **५.२४** | |

## १.२ विद्यमान अवस्थाको समीक्षा

नेपालको संविधानले स्थानीय तहलाई न्यायिक अधिकार समेत दिइसकेको अवस्थामा भूमे गाउँपालिकाको न्यायिक समितिले कार्यसम्पादनका क्रममा विद्यमान अवस्थाको समीक्षा गर्दा सुधार गर्नुपर्ने पक्ष, सबल पक्ष, चुनौति र अवसरहरुलाई देहाय बमोजिम उल्लेख गरिएको छ ।

### सुधार गर्नुपर्ने पक्ष

- न्यायिक कार्य सम्पादन नियमित सेवा प्रवाह भन्दा विशिष्ट खालको भएकाले सर्वप्रथम नव निर्वाचित पदाधिकारीहरुलाई निरन्तर व्यवसायिक तालिमको व्यवस्था गर्ने,
- न्यायिक कार्य सम्पादनका लागि आवश्यक कर्मचारी विकल्पसहितको छुट्टै व्यवस्था आवश्क देखिन्छ,
- संस्थागत संयन्त्र र संस्थागत सक्षमता विकासका लागि विशेष जोड दिन आवश्यक छ,
- स्थानीय तहमा हुने न्यायिक निरुपण कार्य मेलमिलाप प्रकृतिको हुने भएकाले छिटोछरितो र सर्वसुलभ बनाउनेतर्फ विशेष जोड दिनुपर्छ,
- स्थानीय न्यायिक समितिप्रति स्थानीयबासीको विश्वास अभिवृद्धि हुने खालका कार्यक्रममा जोड दिनुपर्छ ।

### सबल पक्ष

- विगतमा स्थानीय भद्रभलाद्मीद्वारा छिनोफानो हुने परिपाटीले गर्दा स्थानीयस्तरको न्यायिक समितिमा मुद्दा आई छलफल हुन सहज
- सदियौंदेखि एकतावद्ध समाजको संरचना भएकाले मुद्दामा हारजित भन्दा पनि मेलमिलापबाटै समस्या समाधान गर्ने चाहना दुवै पक्षबाट देखिने गरेको ।
- मेलमिलाप समितिको कार्यसम्पादनका लागि आवश्यक ऐन, कानून, फर्म फर्म्याटको व्यवस्था भएको।

### चुनौती

- न्याय सम्पादनका क्रममा कानुनी ज्ञान र प्राविधिक ज्ञानको कमी हुने भएकाले वस्तुनिष्ठ निर्णय गर्नु,
- यथेष्ट प्रमाणको मूल्याङ्कन गरी  न्यायिक फैसला गर्नु,
- चुनावबाट आएका जनप्रतिनिधि इजलासमा हुने भएकाले राजनीतिक पूर्वाग्रहीबिना निर्णय हुन्छ भन्ने विश्वास दिलाउनु ।

**अवसर**

- जनताको सबैभन्दा नजिकको सरकार भएकाले स्थानीय न्यायिक समिति अदालती प्रक्रियाभित्र नरहे पनि न्यायिक निरुपणको प्रक्रियाको महत्वपूर्ण अङ्ग हुने भएकाले न्यायिक निरुपणको सुरुवाती अभ्यास गर्न,
- सदियौंदेखि एकतामा बाँधिएको समाज पछिल्लो समय विभिन्न कारण, साना साना मतभेदका कारणसमेत विभाजित अवस्थामा जान लागेको अवस्थामा मेलमिलापमार्फत एकतामा बाँध्न,
- न्यायिक समितिबाट भएको फैसलामाथि जिल्ला अदालतमा पुनरावेदन समेत लाग्ने भएकाले गम्भीर किसिमको मुद्दामा मेलमिलाप नगराई पीडितलाई न्याय दिलाउन,
- मूलप्रवाहिकरणभन्दा बाहिर रहेका, निमुखा, कमजोर वर्गको वकालत, पहलकदमीमार्फत न्यायपूर्ण समाज निर्माण गर्न,
- स्थानीय तहबाट हुने न्यायिक निरुपणको प्रकृति मेलमिलापमा जोड दिइएकाले एक पक्ष हार्ने र अर्को पक्षले जित्ने अवस्था कम हुने भएकाले न्यायिक समितिप्रतिको विश्वास आर्जन गर्न सकिने ।

## १.३ ऐतिहासिक पृष्ठभूमि र न्यायिक अधिकार

नेपालको शासन प्रणाली एकात्मक हुँदा पनि हाल यस गाउँपालिकाभित्र पर्ने विभिन्न गाउँ वस्ती टोलहरुमा अहिलेकै स्थानीय तहको सरकारसँग मिल्दोजुल्दो प्रकृतिको संरचना थिए । खरदरी समिदि, गाउँ समिति, वन समिति जस्ता नामले चिनिने संरचनाले समाज व्यवस्थापनका लागि शासन र न्यायको भूमिका निर्वाह गर्थे। भद्रभलादमी र पञ्चभलादमीमार्फत पीडितलाई न्याय दिलाई मेलमिलापको माध्ययमबाट न्याय सम्पादन गरिन्थ्यो। यसप्रकार स्थानीयस्तरमा न्याय सम्पादन अभ्यास स्थानीय तह गठन भएपछि एकैपटक आएको होइन। नेपालकै सन्दर्भमा भन्ने हो भने स्थानीयस्तरमा न्यायिक अधिकारसम्बन्धी पृष्ठभूमि केलाउँदा स्थानीय शासनको विकासक्रम र संवैधानिक विकासक्रमको पृष्ठभूमिबाट प्रस्तुत गर्न सकिन्छ।

**(क) स्थानीय शासनको विकासक्रम र न्यायिक अधिकार**

अ) गोपाल वंशः इतिहासका अनुसार नेपालमा आज भन्दा करिब ३००० वर्षपहिले गोपाल वंश ५२५ वर्ष शासन गरेका थिए । त्यतिबेला स्थानीय स्तरमा जेठाबाठाले गाउँ टोलमा थिति बसाल्ने, पारिवारिक विवाद मिलाउने र गाउँ टोलमा नेतृत्वदायी भूमिका निर्वाह गर्दथे भन्ने पाइन्छ ।

आ) महिषपाल वंशः गोपाल वंशपछि महिषपाल वंशले करिब १०० वर्ष शासन गरे भन्ने ईतिहासविद्को कथन छ। त्यसबेलाको शासन व्यवस्था बारे स्पष्टता नपाइएकोले गाउँघरमा सम्पति सम्बन्धी तथा पारिवारिक विवाद वा केही आपसी झगडा मिलाउन स्थानीय ज्येष्टहरुको भूमिका रहन्थ्यो भन्ने ऐतिहासिक श्रुति पाइन्छ ।

इ) किराँत कालः झण्डै २००० वर्ष शासन गरेको भनिएको किराँत कालमा केन्द्रीय शासन र स्थानीय शासनको अवधारणा विकास भएको पाईन्छ। स्थानीय तहलाई थुम र पाञ्चाली दुई तहमा विभाजन गरिएको थियो। गाउँगाउँमा एक एकवटा विचारी र मुखिया छानी उसले नियानिसाप गर्ने, दाजुभाईको मुद्दा पान्तम्याङ(हाकिम)ले छिन्ने व्यवस्था मुन्धुममा गरिएको थियो । ठूला दण्ड सजाय दिने अधिकार राजालाई र स्थानीय कर संकलन, कुलो, झै-झगडा मिलाउने जिम्मेवारी पाञ्चालीलाई दिइएको पाइन्छ ।

ई) लिच्छवी कालः लिच्छवी कालमा सबैभन्दा तल्लो तहको शासन व्यवस्थाको रुपमा ग्राम शासन थियो । ग्राम शासनलाई पनि द्रङ, तल र ग्राम गरी तीन तहमा विभाजन गरिएको थियो । त्यसबेला स्थानीय न्याय सम्पादन गर्न पाञ्चाली नामक पाँच जना स्थानीय भलादमीहरुको सभा थियो। जसको मुख्य काम आफ्नो ईलाकाभित्रको झगडा छिनोफानो गर्ने, जनताको हितका लगि कुलो पानीको व्यवस्था गर्ने, पाटीपौवा बनाउने र संरक्षण गर्ने थियो। पाञ्चालीले छिन्न नसकेको मुद्दा मात्र मात्र अन्तिम निर्णयका लागि माथिल्लो तहमा जाने व्यवस्था थियो।

उ) मल्ल कालः मल्लकालमा सानातिना झैझगता तथा विवादहरु पञ्चहरुले नै मिलाउँथे। पञ्चायतले निर्णय दिन नसके वा दिइएको निर्णयमा चित्त नबुझे राजाकहाँ उजुर गर्न पाउने व्यवस्था थियो । स्थानीय प्रशासन इकाइलाई भुक्ति, विषय र ग्राम गरी तीन समूहमा विभाजन गरिएको थियो । ग्राम प्रशासन हेर्ने जिम्मा पाँच जनाको समूह भएको पञ्चकचहरीको प्रमुखलाई पञ्च थकाली भनिन्थ्यो। यसले न्यायपालिका र कार्यपालिका सम्बन्धि दुवै काम हेर्ने गर्दथ्यो। स्थानीय प्रशासनको कार्य कर संकलन, बाटो, कुलो, कुवा, धारा, पाटी, पौवा, मन्दिर निर्माण र स्थानीय झ झगडा मेलमिलाप गराउनु थियो।

ऊ) शाहकालः पहिला पहिला सबै मुद्दा मामिलाको सुनुवाई केन्द्रमै हुने गरेकाले यो प्रथा बढी खर्चिलो र समय लाग्ने ठहर गरी राजा द्रव्य शाहले सानातिना मुद्दा ग्रामीणस्तरमै पञ्चहरुले छिन्न सक्ने व्यवस्था मिलाएका थिए । यसप्रकार शाहकालमा पनि मल्लकालको पञ्चायत/पञ्चकचहरीले निरन्तरता पाएको देखिन्छ। तल्लो तहका मुद्दा थानी, मुखिया, कचहरीले हेरी फैसला दिन्थे । फैसलामा चित्त नबुझेमा विचारी र धर्माधिकारी रहेको अदालतमा र त्यसमा पनि न्याय नपाएमा स्थानीय प्रशासनको कचहरी र गौंडाबाट न्याय दिइन्थ्यो । त्यसमा पनि चित्त नबुझेमा राजासमक्ष उजुरी गर्न पाउने व्यवस्था थियो र राजा स्वयंले राजसभामार्फत न्याय दिन्थे ।

अ) राणाकालः राणाकालमा शासनको केन्द्रिकरणले प्राचिनकालको पञ्चायत पाञ्चाली लोप भयो। यद्यपी देशको प्रशासन केन्द्रबाट मात्र संञ्चालन गर्न सम्भव नभएकाले स्थानीय स्तरमा प्रशासन संचालन गर्न पहाड बन्दोवस्त गोश्वारा, बन्दोवस्त गोश्वारा, पाठशाला बन्दोवस्त अड्डा, माल अड्डा, ठाना जस्ता विकेन्द्रिकृत ईकाईहरु गठन गरिएका थिए। स्थानिय प्रशासनमा द्वारे, उमराओ, नौसिन्दा, चौधरी, नाईके, मुखिया, अमाली, थरी, जेठाबुढा, फौजदार जस्ता पदहरु राखिएका थिए ।

यसप्रकार नेपालमा राज्य व्यवस्थाको प्रारम्भसँगै स्थानीय शासन व्यवस्थित हुदै आएको र स्थानीय मामिला सम्बन्धमा जिम्मेवार हुदै आएको भन्न सकिन्छ ।

### (ख) संवैधानिक विकासक्रम र न्यायिक अधिकार

नेपालमा संवैधानिक विकासक्रमको पृष्ठभूमिबाट हेर्दा स्थानीयस्तरको न्यायसम्पादनको संस्थागत, कानूनी तथा संरचनागत व्यवस्था भएको पाइन्छ । नेपालको पहिलो जारी संविधान नेपाल सरकार वैधानिक कानून, २००४ देखि हाल कार्यान्वयनमा रहेको नेपालको संविधानसम्म आइपुग्दासम्म भएको स्थानीयस्तरको न्यायिक अधिकार सम्बन्धी व्यवस्थालाई देहाय बमोजिम प्रस्तुत गर्न सकिन्छः

अ) **नेपाल सरकार बैधानिक कानून, २००४ः** स्थानीयस्तरमा न्याय सम्पादनको संस्थागत व्यवस्था नेपाल सरकार बैधानिक कानून, २००४ को धार ४८ मा उल्लेख भएको पाइन्छ जसमा "ईन्साफ शीघ्र र सुलभ हिसाबसँग दिइने प्रवन्ध हुनेछ। शुरुका देवानी र फौजदारी मुद्दाहरु ऐन र नियमले तोकिने बन्देज र रेखदेखमा रही ग्राम पञ्चायतहरुले गर्नेछन्" भन्ने उल्लेख भएको पाइन्छ।

आ) **नेपालको अन्तरिम शासन विधान, २००७** को धारा ६ मा ग्राम पञ्चायतको व्यवस्था गरी ग्राम पञ्चायतलाई स्थानीय शासन संस्थाको रुपमा मान्यता दिई आवश्यक अधिकार दिने व्यवस्था गरेको पाईन्छ।

इ) **नेपाल अधिराज्यको संविधान, २०१५** मा स्थानीय शासन सम्बन्धी कुनै पनि संस्थागत व्यवस्था भएको पाईदैन।

ई) **नेपालको संविधान, २०१९** को भाग ८ धारा ३० र ३१ मा गाउँ पञ्चायत र नगरपञ्चायतको व्यवस्था गरियो। जसमा गाउँ र नगर पञ्चायतको काम, कर्तव्य र अधिकार कानूनद्वारा व्यवस्थित हुने उल्लेख गरिएको थियो। यसमा भएका समय समयका सुधार र संशोधनबाट स्थानीय तहमा गाउँ र नगर पञ्चायतलाई स्थानीयस्तरका कुलो, पैनी, बाँध, साँध सीमाना, लेनदेन, कुटपिट आदि मुद्दाहरुको सुनुवाई गर्ने अधिकार दिएको पाइन्छ।

उ) **नेपाल अधिराज्यको संविधान २०४८ः** नेपालमा प्रजातन्त्रको पुनर्स्थापना पश्चात जारी भएको नेपाल अधिराज्यको संविधान, २०४७ मा विकेन्द्रिकरण र स्थानीय निकाय सम्बन्धी अवधारणालाई आत्मसात गरिएको थियो । साथै, स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ३० र १०१ मा न्याय निरुपण सम्बन्धी व्यवस्था गरिएको भए पनि राजपत्रमा सूचना प्रकाशित नहुँदा कार्यान्वयन हुन सकेन ।

ऊ) **नेपालको अन्तरिम संविधान २०६३** को धारा १३९ (१) मा स्थानीयस्तर देखि नै जनताको सार्वभौमसत्ताको प्रयोग गर्न अनुकुलको वातावरण बनाई लोकतन्त्रको स्थानीयस्तर देखि नै संस्थागत विकास, अधिकार निक्षेपण र विकेन्द्रिकरणको आधारमा स्थानीय स्वायतत्त शासनका व्यवस्था गरेको पाइन्छ ।

ऋ) **नेपालको संविधानः** २०७२ असोज ३ गते जारी नेपालको संविधानको धारा २१७ मा न्यायिक समितिको व्यवस्था गरेको छ । संविधानतः न्यायिक समितिले स्थानीयस्तरका विवाद तथा मुद्दाहरुलाई सुरु कारबाही गरी मेलमिलापको माध्ययमबाट निरुपण गर्न सक्ने व्यवस्था गरेको छ।

# परिच्छेद दुईः समितिको कार्यसम्पादनका आधारहरु

## २.१ संस्थागत प्रबन्ध

कानून बमोजिम आफ्नो अधिकारक्षेत्र भित्रका विवाद निरूपण गर्न भूमे गाउँपालिकामा नेपालको संविधानको धारा २१७ बमोजिम देहाय बमोजिमको तीन सदस्यीय न्यायिक समितिको गठन भएको छ ।

| | | |
|---|---|---|
| गाउँपालिका उपाध्यक्ष श्री सविना वुढा | - | संयोजक |
| कार्यपालिका सदस्य श्री भागिलाल दमाई | - | सदस्य |
| वडा सदस्य श्री कुमार पुन | - | सदस्य |

## २.२ संगठनात्मक स्वरुप र जनशक्ति

भूमे गाउँपालिकाले नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४८ बमोजिम न्यायिक समितिले आफ्नो कार्यसम्पादनका लागि न्यायिक समितिको कार्यविधि ऐन, २०७५ जारी गरेको छ। कार्यविधिमा व्यवस्था भए बमोजिम प्रमुख प्रशासकीय अधिकृतलाई उजूरी प्रशासकको जिम्मेवारी तोकिएको छ भने न्यायिक समितिको सचिवालयमा काम गर्ने गरी कर्मचारीलाई जिम्मेवारी समेत तोकिएको छ ।

## २.३ न्यायिक समितिको अधिकार क्षेत्र

नेपालको संविधानको धारा २१७ बमोजिम गठन हुने स्थानीय न्यायिक समितिलाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ बमोजिम देहायका विवादको निरूपण गर्ने अधिकार हुनेछ भन्ने व्यवस्था गरेको छ ।

(क) आलीधुर, बाँध पैनी, कुलो वा पानीघाटको बाँडफाँड तथा उपयोग,
(ख) अर्काको बाली नोक्सानी गरेको,
(ग) चरन, घाँस, दाउरा,
(घ) ज्याला मजुरी नदिएको,
(ङ) घरपालुवा पशुपक्षी हराएको वा पाएको,
(च) जेष्ठ नागरिकको पालनपोषण तथा हेरचाह नगरेको,

(छ) नाबालक छोरा छोरी वा पति—पत्नीलाई इज्जत आमद अनुसार खान लाउन वा शिक्षा दीक्षा नदिएको
(ज) वार्षिक पच्चीस लाख रुपैयाँसम्मको बिगो भएको घर बहाल र घर बहाल सुविधा,
(झ) अन्य व्यक्तिको घर, जग्गा वा सम्पतिलाई असर पर्ने गरी रुख बिरुवा लगाएको,
(ञ) आफ्नो घर वा बलेसीबाट अर्काको घर, जग्गा वा सार्वजनिक बाटोमा पानी झारेको,
(ट) सधियारको जग्गा तर्फ झ्याल राखी घर बनाउनु पर्दा कानून बमोजिम छोड्नु पर्ने परिमाणको जग्गा नछोडी बनाएको,
(ठ) कसैको हक वा स्वामित्वमा भए पनि परापूर्वदेखि सार्वजनिक रूपमा प्रयोग हुँदै आएको बाटो, वस्तुभाउ निकाल्ने निकास, वस्तुभाउ चराउने चौर, कुलो, नहर, पोखरी, पाटी पौवा, अन्त्यष्टि स्थल, धार्मिक स्थल वा अन्य कुनै सार्वजनिक स्थलको उपयोग गर्न नदिएको वा बाधा पुर्‍याएको,
(ड) सङ्घीय वा प्रदेश कानूनले स्थानीय तहबाट निरूपण हुने भनी तोकेका अन्य विवाद ।

(२) न्यायिक समितिलाई देहायका विवादहरूमा मेलमिलापको माध्यमबाट मात्र विवादको निरूपण गर्ने अधिकार हुनेछः—

(क) सरकारी, सार्वजनिक वा सामुदायिक बाहेक एकाको हकको जग्गा अर्कोले चापी, मिची वा घुसाई खाएको,
(ख) सरकारी, सार्वजनिक वा सामुदायिक बाहेक आफ्नो हक नपुग्ने अरुको जग्गामा घर वा कुनै संरचना बनाएको,
(ग) पति—पत्नीबीचको सम्बन्ध विच्छेद,
(घ) अङ्भङ्ग बाहेकको बढीमा एक वर्षसम्म कैद हुन सक्ने कुटपिट,
(ङ) गाली बेइज्जती,
(च) लुटपिट,
(छ) पशुपक्षी छाडा छाडेको वा पशुपक्षी राख्दा वा पाल्दा लापरबाही गरी अरुलाई असर पारेको,
(ज) अरुको आवासमा अनधिकृत प्रवेश गरेको,
(झ) अर्काको हक भोगमा रहेको जग्गा आबाद वा भोग चलन गरेको,
(ञ) ध्वनी प्रदुषण गरी वा फोहोरमैला फ्याकी छिमेकीलाई असर पुऱ्याएको,
(ट) प्रचलित कानून बमोजिम मेलमिलाप हुन सक्ने व्यक्ति बादी भई दायर हुने अन्य देवानी र एक वर्षसम्म कैद हुन सक्ने फौजदारी विवाद ।

(३) उपदफा (२) बमोजिमको विवादको सम्बन्धमा पक्षले चाहेमा सिधै अदालतमा मुद्दा दायर गर्न बाधा परेको मानिने छैन ।

(४) यस दफामा उल्लिखित विवादमा प्रचलित कानूनमा मुद्दा हेर्ने निकाय समक्ष निवेदन दिने कुनै हदम्याद तोकिएकोमा सोही म्यादभित्र र कुनै हदम्याद नतोकिएकोमा त्यस्तो कार्य भएको भए गरेको मितिले पैतीस दिनभित्र न्यायिक समिति समक्ष निवेदन दिनुपर्नेछ ।

स्पष्टीकरणः यस परिच्छेदको प्रयोजनका लागि निवेदन भन्नाले उजुरी वा फिरादलाई समेत जनाउँछ।

**<u>४८. अधिकारक्षेत्रको प्रयोगः</u>** (१) न्यायिक समितिको अधिकारक्षेत्रको प्रयोग न्यायिक समितिको संयोजक र सदस्यहरूले सामूहिक रूपले गर्नेछन् र बहुमतको राय न्यायिक समितिको निर्णय मानिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि न्यायिक समितिको संयोजक र अर्को एक जना सदस्यको उपस्थिति भएमा विवादको कारबाही र किनारा गर्न सकिनेछ ।

(३) न्यायिक समितिको संयोजक बाहेक अरु दुई जना सदस्यको उपस्थिति भएमा विवादको किनारा गर्न बाहेक अरु कारबाही गर्न सकिनेछ ।

(४) कुनै कारणले संयोजकको पद रिक्त भएमा न्यायिक समितिमा रहेका अन्य दुई जना सदस्यको सर्वसम्मतिमा विवादको कारबाही र किनारा गर्न सकिनेछ ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विवादको सम्बन्धमा न्यायिक समितिको संयोजक वा कुनै सदस्यको निजी सरोकार वा स्वार्थ गासिएको वा त्यस्तो संयोजक वा सदस्यको नाताभित्रका व्यक्ति विवादको पक्ष भएमा निजबाट सो विवादको कारबाही र किनारा हुन सक्ने छैन ।

(६) उपदफा (५) बमोजिम कुनै संयोजक वा सदस्यले हेर्न नमिल्ने विवादको हकमा त्यस्तो संयोजक वा सदस्य बाहेकका अन्य सदस्यले विवादको कारबाही र किनारा गर्न सक्नेछन् । संयोजक र सबै सदस्यले त्यस्तो विवादको कारबाही र किनारा गर्न नमिल्ने भएमा सम्बन्धित सभाले तीन जना सदस्यलाई सो विवादको मात्र कारबाही र किनारा गर्ने गरी तोक्नु पर्नेछ ।

(७) उपदफा (६) बमोजिमको विवादको कारबाही र किनारा गर्दा तीन जना सदस्यमध्येको जेष्ठ सदस्यले न्यायिक समितिको संयोजक भई काम गर्नेछ ।

भूमे गाउँपालिकाको गाउँसभाबाट जारी न्यायिक समितिको कार्यविधि ऐन, २०७५ को दफा ६ मा समितिले हेर्ने अधिकार र दफा ७ मा समितिको अधिकार क्षेत्र सम्बन्धी व्यवस्था गरेको छ । ऐ.ऐ. ऐनको दफा ६ बमोजिम समितिलाई देहाय बमोजिमको उजुरीहरूमा कारवाही र किनारा गर्ने अधिकार रहनेछ:

(क) न्यायिक समितिको कार्यविधि ऐन, २०७५को दफा ४७ अन्तर्गतको उजुरी,

(ख) मेलमिलाप ऐन, २०६८ अनुसार मेलमिलापको लागि गाउँपालिका/नगरपालिकामा प्रेषित उजुरी,

(ग) संविधानको अनुसूची-८ अन्तर्गतको एकल अधिकार अन्तर्गत सभाले बनाएको कानून बमोजिम निरूपण हुने गरी सिर्जित उजुरी, तथा

(घ) प्रचलित कानूनले गाउँपालिका/नगरपालिकाले हेर्ने भनि तोकेका उजुरीहरू ।

यसै गरी न्यायिक समितिको कार्यविधि ऐन, २०७५ को दफा ७ मा समितिको क्षेत्राधिकार स्पष्ट गरिएको छ। ऐनको दफा ७ मा भएको व्यवस्था अनुसार समितिले दफा ६ अन्तर्गतका मध्ये देहाय बमोजिमका उजुरीहरूमा मात्र क्षेत्राधिकार ग्रहण गर्ने तथा कारवाही किनारा गर्नेछ:

(क) व्यक्तिको हकमा उजुरीका सबै पक्ष गाउँपालिका/नगरपालिकाको भैगोलिक क्षेत्राधिकार भित्र बसोबास गरिरहेको,

(ख) प्रचलित कानून र संविधानको भाग ११ अन्तर्गतको कुनै अदालत वा न्यायाधीकरण वा निकायको क्षेत्राधिकार भित्र नरहेको,

(ग) गाउँपालिका/नगरपालिकाको क्षेत्राधिकार भित्र परेका कुनै अदालत वा निकायबाट मेलमिलाप वा मिलापत्रको लागि प्रेषित गरिएको,

(घ) अचल सम्पत्ति समावेश रहेको विषयमा सो अचल सम्पत्ति गाउँपालिका/नगरपालिकाको भैगोलिक क्षेत्राधिकार भित्र रहिरहेको, तथा

(ङ) कुनै घटनासँग सम्बन्धित विषयवस्तु रहेकोमा सो घटना गाउँपालिका/नगरपालिकाको भैगोलिक क्षेत्रभित्र घटेको ।

## २.४ कार्यसम्पादन प्रक्रिया

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४९ देखि ५३ सम्म स्थानीय न्यायिक समितिले देहाय बमोजिम कार्यसम्पादन गर्नुपर्ने व्यवस्था गरेको छ:

(१) न्यायिक समितिले आफू समक्ष पेश भएको विवादको निवेदन दर्ता गरी दर्ताको निस्सा सम्बन्धित पक्षलाई उपलब्ध गराउनु पर्नेछ ।

(२) न्यायिक समितिले आफू समक्ष पेश भएको विवादको निवेदनको कारबाही र किनारा गर्दा सम्भव भएसम्म मेलमिलाप गर्न प्रोत्साहित गरी दुवै पक्षको सहमतिमा मिलापत्र गराउनु पर्नेछ । पक्षहरूबिच मिलापत्र हुन नसकेमा दफा ४७ को उपदफा (१) मा उल्लिखित विवादमा न्यायिक समितिले कानून बमोजिम विवादको कारबाही र किनारा गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम मिलापत्र गराउँदा न्यायिक समितिले आफूले सूचीकृत गरेको मेलमिलापकर्ताबाट गराउनु पर्नेछ ।

(४) न्यायिक समितिले दफा ४७ को उपदफा (२) मा उल्लिखित विवादमा प्रतिबादी उपस्थित भएको मितिले तीन महिनाभित्र मेलमिलापको माध्यमबाट टुङ्ग्याउनु पर्नेछ । सो अवधिभित्र मेलमिलाप हुन नसकेमा सोही व्यहोरा उल्लेख गरी पक्षलाई अदालत जान सुनाई विवाद र सोसँग सम्बन्धित मिसिल कागज र प्रमाण समेत सम्बन्धित अदालतमा पठाइदिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम पक्ष हाजिर हुन आएमा सम्बन्धित अदालतले प्रचलित कानून बमोजिम सो मुद्दाको कारबाही र किनारा गर्नु पर्नेछ ।

(६) न्यायिक समितिले आफू समक्ष परेको विवादमा बादीले प्रतिबादीको नाममा कुनै बैंक, कम्पनी, वित्तीय संस्था वा अन्य कुनै निकायमा रहेको खाता, निक्षेप वा प्रतिवादीले पाउने कुनै रकम यथास्थितिमा राखी कसैलाई भुक्तानी नगर्न नगराउन वा प्रतिबादीको हक भोगको कुनै अचल सम्पति कसैलाई कुनै पनि व्यहोराले हक हस्तान्तरण गर्नबाट रोक्का गर्नको लागि निवेदन दिएकोमा न्यायिक समितिले प्रारम्भिक जाचबुझबाट सो बमोजिम गर्न उपयुक्त देखेमा अवधि तोकी रोक्काको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ र त्यसरी लेखी पठाएकोमा सो बमोजिम रोक्का गरी त्यसको जानकारी न्यायिक समितिलाई दिनु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम रोक्का भएकोमा प्रतिबादीले त्यस्तो रोक्का फुकुवा गर्नको लागि न्यायिक समिति समक्ष निवेदन दिएमा सो समितिले त्यस्तो निवेदन बमोजिम रोक्का फुकुवा गर्न मनासिब देखेमा रोक्का फुकुवाको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ र त्यसरी लेखी पठाएकोमा सो बमोजिम रोक्का फुकुवा गरी त्यसको जानकारी न्यायिक समितिलाई दिनु पर्नेछ ।

(८) दफा ४७ बमोजिम न्यायिक समितिले अधिकारक्षेत्र प्रयोग गर्दा पति पत्नी बिचको वा जेष्ठ नागरिकको संरक्षण सम्बन्धी विवादमा पीडित, निजको नाबालक सन्तान वा निजसँग आश्रित अन्य कुनै व्यक्तिको हितको लागि सम्बन्धित पक्षलाई देहायको अन्तरिम संरक्षणात्मक आदेश समेत दिन सक्नेछः—

(क) पीडितलाई निज बसी आएको घरमा बसोबास गर्न दिन, खान लाउन दिन, कुटपिट नगर्न तथा शिष्ट र सभ्य व्यवहार गर्न,

(ख) पीडितलाई शारीरिक वा मानसिक चोट पुगेको भएमा उपचार गराउन,

(ग) पीडितलाई अलग रूपमा बसोबासको प्रबन्ध गर्नु पर्ने देखिएमा सोको व्यवस्था गर्न र त्यसरी अलग बस्दा निजको भरणपोषणको लागि उचित व्यवस्था गर्न,

(घ) पीडितलाई गालीगलौज गर्ने, धम्की दिने वा असभ्य व्यवहार गर्ने कार्य नगर्न, नगराउन,

(ङ) पीडितको हित र सुरक्षाको लागि अन्य आवश्यक र उपयुक्त कुरा गर्न वा गराउन

(९) दफा ४७ बमोजिमको कुनै विवाद सम्बन्धमा न्यायिक समितिमा कुनै निवेदन परेकोमा प्रचलित कानूनमा मुद्दा हेर्ने निकाय समक्ष प्रतिबादी उपस्थित हुनु पर्ने म्याद किटिएको भए सोही म्यादभित्र र म्याद किटिएको नभएमा बाटाका म्याद बाहेक पन्ध्र दिनभित्र प्रतिबादी आफै वा आफ्नो वारेस मार्फत लिखित व्यहोरा सहित न्यायिक समिति समक्ष उपस्थित हुनु पर्नेछ ।

(१०) दफा ४७ बमोजिमको विवादमा न्यायिक समितिले मेलमिलाप गराउने प्रयोजनको लागि प्रत्येक वडामा मेलमिलाप केन्द्र गठन गर्न सक्नेछ ।

(११) कुनै वडामा एकभन्दा बढी मेलमिलाप केन्द्र भएमा न्यायिक समितिले विवादको पक्षहरूले रोजेको वा सो विषयमा पक्षहरूबीच सहमति नभएमा सो वडाको कुनै मेलमिलाप केन्द्रमा मेलमिलापद्वारा विवाद समाधानको लागि पठाउन सक्नेछ ।

(१२) न्यायिक समितिले विवादको निवेदनमा कारबाही र किनारा गर्दा निवेदनको दर्ता, त्यस्तो विवादको आवश्यक जाचबुझ तथा कारबाही, म्याद तामेली, पक्षहरू उपस्थित गराउने तथा मिलापत्र गराउने प्रक्रिया, विवादको किनारा गर्नु पर्ने अवधि, लगत कट्टा गर्ने लगायतका विवादको निरूपण सम्बन्धी अन्य कार्यविधि स्थानीय कानून बमोजिम हुनेछ।

५०. लिखित जानकारी दिनु पर्नेः न्यायिक समितिबाट विवादको अन्तिम निर्णय भएको मितिले पैतीस दिनभित्र सम्बन्धित पक्षलाई सो निर्णयको प्रमाणित प्रतिलिपि उपलब्ध गराउनु पर्नेछ ।

५१. पुनरावेदन गर्न सक्नेः न्यायिक समितिबाट भएको निर्णयमा चित्त नबुझ्ने पक्षले निर्णयको जानकारी पाएको मितिले पैतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

५२. मिलापत्र वा निर्णय कार्यान्वयन गर्नेः (१) कार्यपालिकाले न्यायिक समितिबाट भएको मिलापत्र वा निर्णयको तत्काल कार्यान्वयन गर्नु, गराउनु पर्नेछ ।

(२) न्यायिक समितिबाट भएको मिलापत्र वा निर्णय कार्यान्वयन सम्बन्धी अन्य व्यवस्था स्थानीय कानून बमोजिम हुनेछ ।

५३. अभिलेख राख्नु पर्नेः (१) गाउपालिका तथा नगरपालिकाले न्यायिक समितिबाट मिलापत्र वा निर्णय भएका विवादसँग सम्बन्धित लिखत, मिलापत्र वा निर्णयको अभिलेख व्यवस्थित र सुरक्षित रूपमा राख्नु पर्नेछ ।

(२) न्यायिक समितिले आफूले गरेको कामको वार्षिक विवरण अध्यक्ष वा प्रमुख मार्फत सम्बन्धित सभामा पेश गर्नु पर्नेछ ।

## २.५ मेलमिलाप केन्द्र :

भूमे गाउँपालिकाका उपाध्यक्ष श्री मनकुमारी बुढा विष्टको संयोजकत्वमा तीन सदस्यीय न्यायिक समितिको गठन पश्चात सबै वडास्तरमा मेलमिलापकर्ताको व्यवस्था गर्न आर्थिक वर्ष २०७५ कात्तिक १३ गतेदेखि २० गतेसम्म ग्रामीण विकास तथा सामाजिक सुधार केन्द्र र सामुदायिक मेलमिलापकर्ता समाज, नेपाल, ललितपुरसँगको सहकार्यमा ४८ घण्टे मेलमिलापकर्ताहरुको तालिम सञ्चालन गरी न्यायिक समितिका सदस्यहरुसमेत १९ जनालाई तालिम प्रदान गरिएको थियो । सबै वडाबाट कम्तिमा दुई जना पर्ने गरी मेलमिलापकर्ता तयार गरेपछि देहाय बमोजिम मेलमिलाप केन्द्र स्थापना भई सञ्चालन भैरहेका छन् ।

| क्र.सं. | मेलमिलाप केन्द्र रहेको स्थान | वडा नं. | कैफियत |
|---|---|---|---|
| १ | लुकुम (वडा कार्यालय) | १ | |
| २ | काँक्री (वडा कार्यालय) | २ | |
| ३ | सिमा (वडा कार्यालय) | ३ | |
| ४ | काँडा (वडा कार्यालय) | ४ | |
| ५ | सेराबाङ (वडा कार्यालय) | ५ | |
| ६ | महत (वडा कार्यालय) | ६ | |
| ७ | धर्मशाला (वडा कार्यालय) | ७ | |
| ८ | पोखरापाटा (वडा कार्यालय) | ८ | |
| ९ | चुनबाङ (वडा कार्यालय) | ९ | |

## २.६ मेलमिलापकर्ताहरुको अद्यावधिक सूची :

नेपालको संविधा र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकार बमोजिम स्थानीय तहको न्यायिक समितिको कार्यसम्पादनका लागि भूमे गाउँसभाद्वारा पारित भूमे गाउँपालिकाको न्यायिक समितिको

कार्यविधि ऐन, २०७५ को दफा ५९ बमोजिम मेलमिलापकर्ताको रुपमा कार्य गर्न आर्थिक वर्ष २०८१।०८२ मा अद्यावधिक भएका मेलमिलापकर्ताहरुको विवरण देहाय बमोजिम रहेको छ

| क्र.सं. | मेलमिलापकर्ताको नाम | मोवाईल नं. | स्थायी वतन | तालिम | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | साल | अवधि | |
| १ | रामचन्द्र पुन | ९८०६२७८३९९ | भूमे - १ | २०७५ | ४८ घण्टा | |
| २ | नरबहादुर वुढा | ९८०९८९०६७५ | भूमे — २ | २०७५ | ४८ घण्टा | |
| ३ | दिलमान रोका | ९८०९५८१९१० | भूमे — ३ | २०७५ | ४८ घण्टा | |
| ४ | चंखबहादुर वुढा मगर | ९७४८५२९६१७ | भूमे — ४ | २०७५ | ४८ घण्टा | |
| ५ | टेक प्रसाद वुढा | ९७४८५४४०८० | भूमे — ५ | २०७५ | ४८ घण्टा | |
| ६ | देव बहादुर वुढा | ९७४८५०९४८५ | भूमे — ६ | २०७५ | ४८ घण्टा | |
| ७ | धनमान रोका | ९७४८५५२५९४ | भूमे — ७ | २०७५ | ४८ घण्टा | |
| ८ | पंचबहादुर रोका | ९८१०९३३९५२ | भूमे — ८ | २०७५ | ४८ घण्टा | |
| ९ | प्रवेश पुन | ९८४४९४२१३४ | भूमे — ९ | २०७५ | ४८ घण्टा | |
| १० | कबल पुन | ९८२२८००७९४ | भूमे — १ | २०७५ | ४८ घण्टा | |
| ११ | सिता वुढा | ९७४८०५७७५९ | भूमे — ५ | २०७५ | ४८ घण्टा | |
| १२ | सावित्रा वुढा | ९८६६९२४९२२ | भूमे — ६ | २०७५ | ४८ घण्टा | |
| १३ | हिमकुमारी वुढा | ९८६३६३४०८२ | भूमे — ८ | २०७५ | ४८ घण्टा | |
| १४ | नमिता पुन | ९८४७९६२७०५ | भूमे — ९ | २०७५ | ४८ घण्टा | |

# परिच्छेद तीनः प्रगति विवरण

## ३.१ सम्पादित क्रियाकलापहरु

२०८१ श्रावण देखि २०८२ असार मसान्तसम्म दर्ता भएका उजुरीहरुको विवरण तपसिल बमोजिम रहेका छन ।

**तपसिल :**

| गत आ.व.को अल्या सहित कुल पेश भएका उजुरी संख्या | दरपीठ गरिएको संख्या | उजुरी फिर्ता/संख्या | मेलमिलाप हुन नसकी सम्बन्धित निकायमा पठाइएको संख्या | उजुरी फछ्यौंट भई लगत कट्टा गरिएको संख्या | छलफलको क्रममा रहेको संख्या | कार्वाही नभएको संख्या |
|---|---|---|---|---|---|---|
| ८ | ० | ० | १ | ८ | ० | ० |

न्यायिक समिति समक्ष प्राप्त उजुरीको प्रकृतिको आधारमा सबैभन्दा बढी घरायसी विवाद सम्बन्धी उजुरी दर्ता भएका छन् ।

| क्र. सं. | उजुरीको प्रकृति | अ.ल्या. उजुरी | यस वर्षको उजुरी | जम्मा उजुरी संख्या | फछ्यौंट संख्या | फछ्यौंट हुन बाँकी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | घरेलु हिंसा | ० | ० | ० | ० | ० | |
| २ | घरायसी विवाद | ३ | २ | ५ | ५ | ० | |
| ३ | लेनदेन | १ | १ | २ | २ | ० | |
| ४ | जग्गा/ साँधी विवाद | ० | १ | १ | १ | ० | |
| ५ | साधन स्रोत उपभोग विवाद | ० | ० | ० | ० | ० | |
| ६ | अन्य | ० | ० | ० | ० | ० | |
| | **जम्मा** | ४ | ४ | ८ | ८ | ० | |

## ३.२ न्यायिक समितिको बैठक

आर्थिक वर्ष २०८१।०८२ मा दर्ता निवेदनउपर कारबाही गर्नका लागि  वटा न्यायिक समितिको बैठक सम्पन्न भएको छ ।

## ३.३ अनुगमन तथा प्रतिवेदन

आर्थिक वर्ष २०८१।०८२ मा भूमे गाउँपालिका न्यायिक समितिको काम कारबाही बारे जिल्ला अदालतबाट मिति २०८१/११/०५ गते जिल्ला न्यायधीश श्री लोक बहादुर हमालज्यूको संयोजकत्वमा श्रेस्तेदार श्री इश्वरी प्रसाद सुवेदी र सुपरीवेक्षक श्री देवेन्द्र पौडेल सहित ३ जनाको अनुगमन टोलीबाट अनुगमन भई पृष्ठपोषण समेत प्राप्त भएको छ । न्यायिक समितिले अघिल्लो आर्थिक वर्षमा सम्पादन गरेका कामहरुको प्रतिवेदन तयार गरी गाउँसभामा समेत छलफल भइसकेको छ ।

## ३.४ निर्णय कार्यान्वयन र कार्यसम्पादन

न्यायिक समितिसमक्ष आर्थिक वर्ष २०८१।०८२ मा दर्ता भएका नालिश उजूरीहरु सम्बन्धी भएका निर्णय र कार्य सम्पादनको संक्षिप्त विवरण देहाय बमोजिम रहेको छः

| क्र. सं. | दर्ता मिति | विषय/ प्रकृति | निवेदक | प्रतिवादी | फछ्यौंट मिति | निर्णयकर्ता हरु | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|---|---|---|---|---|
| १. | २०८१।०४।०१ | घरायसी विवाद | बुद्धि बहादुर घर्ति | जुनतारा घर्ति | २०८१।०४।२६ | सविना वुढा,कुमार पुन,भागिलाल दमाई | आपसी समझदारीमा मेलमिलाप भएको |
| २. | २०८१।०४।०१ | आर्थिक लेनदेन | देउसरी वुढा | फेरु वुढा र फूलमाया वुढा | २०८१।०५।०५ | | आपसी समझदारीमा मेलमिलाप भएको |
| ३. | २०८१।०४।०१ | जग्गा विवाद | भरत | डिकोस नेपाल | २०८१।०६।२५ | | जिल्ला अदालतमा |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | कुमार वुढा | | | सविना | पठाइएको |
| ४. | २०८०।०४।०३ | आर्थिक लेनदेन | इच्छापुरी वुढा | जमुना वुढा | २०८१।०६।२५ | वुढा,कुमार पुन,भागिलाल दमाई | आपसी समझदारीमा मेलमिलाप भएको |
| ५. | २०८१।०४।०३ | अभद्र व्यवहार | देवी प्रकाश पुन | बालाराम शेर्पाली र कृष्ण पुन | २०८१।०६।२५ | | छलफलको क्रममा भएको |
| ६. | २०८१।०४।२४ | वैदेशिक रोजगारी ठगी | सम्पूर्णा गुरुङ वुढा मगर | हित रोका मगर | २०८१।०६।२५ | | छलफलको क्रममा रहेको |
| ७. | २०८१।०५।०५ | घरायसी विवाद | भीमा सुनार | फूलमाया सुनार | २०८१।०५।२७ | | मेलमिलाप भएको |
| ८. | २०८१।०५।२० | आर्थिक लेनदेन | कृष्ण खड्का | कोर्जा सिमखोला उपभोक्ता समिति | २०८१।०९।२५ | | छलफलको क्रममा रहेको |

### ३.४.१ मिलापत्र र निर्णय कार्यान्वयन

न्यायिक समितिमा दर्ता भएका नालिशहरुमध्ये सबै उजुरीहरु मेलमिलाप हुने गरी न्यायिक समितिको फैसलाबाट किनारा भएका छन् भने सम्बन्धित वडाको मेलमिलाप केन्द्रमा आएका उजुरीहरु मेलमिलापकर्तामार्फत मेलमिलापमार्फत किनारा भई सोही बमोजिम कार्यान्वयन भएका छन् ।

न्यायिक समितिबाट भएका फैसला र उजुरीहरुमाथि समितिसमक्ष फैसला पुनरावेदन गर्न, अन्य निकायमा जान नक्कल उतार माग नभएको र पुनरावेदनका लागि कुनै पनि निवेदन नपरेकाले निर्णयको पूर्ण कार्यान्वयनको विश्वास गरिएको छ यद्यपी निर्णय कार्यान्वयनको अध्यावधिक अभिलेख राखिएको छैन ।

### ३.४.२ नक्कल उतार मागको विवरण

आ.व. २०८१।०८२ मा न्यायिक समितिको फैसलाको नक्कल माग गरेका निवेदकहरु

| निवेदन द.नं. | निवेदन दर्ता मिति | उजुरीको विषय/प्रकृति | निवेदकको नाम थर | वादी | प्रतिवादी | निर्णयको प्रतिलिपी बुझिलिनेको नाम थर | हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|
| निर्णयको नक्कल माग नभएको | | | | | | | |

### ३.४.३ फैसला पुनरावेदनको विवरण

आ.व. २०८१।०८२ मा न्यायिक समितिको निर्णय उपर पुनरावेदनका लागि उजुरी परेका निवेदनहरु

| निवेदन द.नं. | निवेदन दर्ता मिति | उजुरीको विषय/प्रकृति | निवेदकको नाम थर | वादी | प्रतिवादी | निर्णयको प्रतिलिपी बुझिलिनेको नाम थर | हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|
| पुनरावेदनका लागि निर्णयको नक्कल माग नभएको | | | | | | | |

स्थानीय न्यायिक समितिबाट भएका न्यायिक निर्णयउपर पुनरावेदन गर्ने निकाय जिल्ला अदालत भएकाले हालसम्म पुनरावेदनका लागि उजुरी भएको जानकारी प्राप्त नभएको ।

# परिच्छेद चारः निश्कर्ष र सुझाव

४.१ निश्कर्ष :

नेपालको संविधानले तीनै तहका सरकारले राज्य शक्तिको प्रयोग गर्ने गरी भएको व्यवस्था गरे अनुरुप धारा २१७ ले स्थानीय स्तरमा विवाद तथा न्याय निरुपनका लागि गाउँपालिका तथा नगरपालिकामा तीन सदस्यीय न्यायिक समिति रहने व्यवस्था गरेको छ । नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अन्य नीति तथा कानून बमोजिम न्यायिक समितिबाट न्यायिक निरुपण गर्दा विवाद समाधानका वैकल्पिक उपायहरु अवलम्बन गर्दै जीत जीतको अवस्थामा पुऱ्याएर मेलमिलापको माध्ययमबाट गरी सरकारप्रति जनताको विश्वास दिलाउने कार्य समेत न्यायिक समितिले गर्दछ ।

भूमे गाउँपालिकामा संविधान र कानूनमा भएको व्यवस्था बमोजिम न्यायिक समिति गठन भई कार्यसम्पादन गर्ने सन्दर्भमा न्यायिक समितिको मूल मर्म बमोजिम मेलमिलापको माध्ययमबाट न्यायिक निरुपन गर्न आवश्यक पर्ने मेलमिलापकर्ता र उनीहरुको क्षमता विकास, न्यायिक समितिप्रति स्थानीयको विश्वास र न्यायिक समितिको सचिवालयको संस्थागत सक्षमतामा जोड दिनुपर्ने आवश्यकता देखिएको छ। न्यायिक समितिमा आर्थिक वर्ष २०८१/०८२ मा दर्ता भएका ८ वटा उजुरी (गत वर्षबाट सरी आएका उजुरी समेत) गरी कूल ८ वटा उजुरी मध्ये आर्थिक वर्ष २०८१/०८२ मा सबै उजुरीहरु आवश्यक कार्यवाही गरी फछ्र्यौट भएका छन् । न्यायिक समितिको फैसलाउपर पुनरावेदन र अन्य निकायमा न्यायका लागि गएको विवरण छैन । नक्कल माग नै नगरेको अवस्था छ । न्यायिक कार्यका लागि आवश्यक जनशक्तिको कमी र न्याय सम्पादन सम्बन्धी पर्याप्त ज्ञान, सीप र अनुभवको अभावका वाबजुद गरिएका न्यायिक कार्यसम्पादनको पुनरावेदन नहुनु आफैमा सकारात्मक पक्ष रहेको महसुस न्यायिक समितिले गरेको छ । यद्यपी आगामी दिनमा स्थानीय तहमा हुने न्यायिक कार्यसम्पादनलाई अझ प्रभावकारी बनाउन न्यायिक समितिको क्षमता अभिवृद्धि तालिम, कानूनी जनशक्तिको व्यवस्था, वैज्ञानिक अभिलेखीकरण तथा व्यवस्थापन जस्ता पक्षको पर्याप्त व्यवस्था हुन सकेमा न्यायिक कार्यसम्पादनमा थप गुणस्तर आउने अपेक्षा गर्न सकिन्छ ।

## ४.२ सुझाव :

न्यायपूर्ण र सबैले अपनत्व गर्ने खालको समाज निर्माण गर्नु सरकारको नैतिक दायित्व हुन जान्छ । आफ्ना हकअधिकारहरुको निर्वाध प्रयोग गरी सम्मानपूर्वक बाँच्न पाउनु व्यक्ति/नागरिकको मानव अधिकारको विषय समेत हो । सोही कुरालाई प्रवर्द्धन गर्ने गरी नजिकको सरकारले न्यायिक निरुपण गर्ने

प्रकृतिको संयन्त्र न्यायिक समितिको संरचना स्थानीय तहमा संविधानले नै व्यवस्था गरेको छ । न्यायिक समिति प्रभावकारी भएन भने उल्लिखित उद्देश्य पूर्ति हुन नसक्ने भएकाले न्यायिक समितिको सञ्चालन तथा व्यवस्थापन प्रभावकारी हुनु आवश्यक हुन्छ । न्यायिक समितिको प्रभावकारिताका लागि देहाय बमोजिमका सुझावहरु पेश गरिएको छः

- न्याय निरुपणका लागि मिसिल अध्ययन तथा मामिला विश्लेषणका लागि न्यायिक समितिका पदाधिकारीहरुको न्याय सम्पादन सम्बन्धी पर्याप्त ज्ञान, सीप आवश्यक पर्ने भएकाले सो सम्बन्धी तालिम तथा प्रशिक्षणको व्यवस्था मिलाउने,
- न्यायिक समितिको सचिवालयमा कानून सम्बन्धी ज्ञान भएको, परिवर्तन नहुने किसिमको कर्मचारीको व्यवस्था गर्ने,
- न्यायिक समितिको निर्णय कार्यान्वयनको अभिलेख राख्ने र समय समयमा प्रतिवेदन प्रकाशन गर्ने,
- समितिले कार्यसम्पादन गर्दा निस्सा दिने, पेशी तोक्ने जस्ता क्रियाकलापहरुलाई पनि अभ्यासमा लैजाने,
- वडा कार्यालयमा स्थापित मेलमिलाप केन्द्रको प्रभावकारी व्यवस्थापन गरी मेलमिलापकर्ताहरुलाई बेला बेलामा पुनर्ताजगी तालिम प्रदान गर्ने,
- संघीय तथा प्रदेश तहबाट बेलाबखतमा गाउँपालिका तथा वडाका जनप्रतिनिधी तथा कर्मचारीहरुलाइ्र न्याय कानून सम्बन्धी प्रशिक्षण दिने,
- न्यायिक समितिको सचिवालयमा प्रशासन योजना तथा अनुगमन शाखाभन्दा बाहिरकै कानूनसम्बन्धि कर्मचारीको व्यवस्था गरी बेला बेलामा कानूनसम्बन्धी क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने,
- न्यायिक परामर्श लिनुपर्ने प्रकृतिका न्यायिक निरुपण तथा पालिकाकै विषयमा कुनै निकायमा जवाफ, राय पेश गर्नका लागि कानूनी सल्लाहकारको व्यवस्था गर्ने,
- न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुलाई अन्य पालिकाका न्यायिक समिति तथा न्यायिक निकायमा अध्ययन, अवलोकन भ्रमण तथा अनुभव आदानप्रदान सम्बन्धी कार्यक्रम व्यवस्था गर्ने,
- विशेष प्रकृतिका मुद्दामा छलफल गर्न खुला इजलास,बन्द इजलासको व्यवस्था गर्ने ।

**धन्यवाद !**

# भूमे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## खाबाङबगर, रुकुम (पूर्व)

## लुम्बिनी प्रदेश, नेपाल

## सम्पर्क फोनः ९७६२५२७११०

इमेलः info@bhumemun.gov.np,

ito.bhumemun@gmail.com

**वेबसाइटः** www.bhumemun.gov.np